गोरखा नगरपालिका
Gorkha Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
डुम्रीडाँडा, गोरखा
Dumridanda, Gorkha
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प. सं.:- २०७७/०७८ (शिक्षा)
च.नं.:- ३५

मिति: २०७७।०६।१५

श्री सबै विद्यालयहरु (सामुदायिक, संस्थागत, धार्मिक, बाल विकास केन्द्र)
गोरखा नगरपालिका, गोरखा।

**विषय: परिपत्र।**

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति २०७७।०६।१४ को निर्णयानुसार तपसिल अनुसार गर्नु गराउनु हुन अनुरोध छ।

**१. क. प्रत्यक्ष सिकाई सहजीकरण सम्वन्धमा:**

विद्यार्थी सिकाई सहजीकरण निर्देशिका - २०७७ र विद्यालय शिक्षाको आकस्मिक कार्ययोजना -२०७७ कार्यान्वयन गर्ने सिलसिलामा विद्यालयले निर्माण गरेको कार्ययोजना अनुसार सिकाइ सहजीकरण गर्न विद्यालय व्यस्थापन समितिको निर्णय गराई स्वास्थ्य मन्त्रालयले जारी गरेको स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण परिपालना गरी मिति २०७७।०६।१८ गतेबाट तपसिल वमोजिम प्रत्यक्ष सिकाई सहजीकरण गर्न सकिनेछ।

1. सिकाई केन्द्र वि.व्य.स.को निर्णय अनुसार विद्यालय वा अन्य स्थान पनि हुन सक्ने।
2. प्रति सिकाई केन्द्र बढीमा २० जना सहभागी हुनुपर्ने।
3. सिकाई केन्द्र सिफ्टमा सञ्चालन गर्न सकिने।
4. प्रति सिफ्टमा वढीमा ३ घण्टा सम्म सिकाई सहजीकरण गर्न सकिने।
5. एक दिनमा बढीमा ३ सिफ्ट सञ्चालन गर्न सकिने।

**ख. वैकल्पिक सिकाई सहजीकरण सम्वन्धमा:**

विद्यार्थी सिकाई सहजीकरण निर्देशिका – २०७७ वमोजिम धैरै विद्यार्थी सङ्ख्या भएका कक्षाहरुमा वैकल्पिक विधिहरु online/ virtual कक्षा हाल सञ्चालनमा रहेका कक्षालाई निरन्तरता दिन सकिने। साथै केन्द्र, प्रदेश र स्थानीयस्तरमा रेडियो एफ एम र टेलिभिजनबाट प्रसारण भएका पाठ्यसामग्रीहरु सुन्न र पढ्न अभिभावक तथा विद्यार्थीहरुलाई प्रोत्साहित गराउने।

**ग. पाठ्यक्रम तथा पाठ्यवस्तु सम्वन्धमा:**

पाठ्यक्रम विकास केन्द्रको मूल पाठ्यक्रम तथा पाठ्यक्रम र पाठ्यवस्तु समायोजन ढाँचा २०७७ लाई अवलम्वन गरी सिकाई सहजीकरण गतिविधि अगाडि बढाउनुपर्ने।

**घ.** शिक्षा मन्त्रालयको विद्यालय शिक्षाको आकस्मिक कार्ययोजना – २०७७ बमोजिम अनिबार्य रुपमा २०७७ असोज मसान्तसम्म विद्यार्थी भर्ना गरी एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS मा अपलोड गरिसक्ने।

शाखा प्रमुख



Scanned with CamScanner

गोरखा नगरपालिका
Gorkha Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
डुम्रीडाँडा, गोरखा
Dumridanda, Gorkha
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प. सं.:- २०७७/०७८ (शिक्षा)
च.नं.:- ३९

२, संस्थागत विद्यालयको शुल्क सम्बन्धमा:
शै.स. २०७७ मा विद्यालयमा सञ्चालन नहुने तथा नगर्ने विषय वा शीर्षकहरुमा कुनै प्रकारको शुल्क अभिभावकसँग नलिने गरी यस शै.स. मा सञ्चालन हुने विषय वा शीर्षकमा गत शै.स. २०७६ मा स्वीकृत भए वमोजिम नबढ्ने गरी असोज १ गतेबाट शुल्क लिन सकिने।

३, क. सिकाइ केन्द्रमा सिकाइ सहजीकरण गर्दा स्वास्थय मन्त्रालयको स्वस्थ्य मापदण्ड साथै अभिभावकहरुसँग समझदारी कायम गरी सिकाई सहजीकरण गर्ने।

ख. पिउने पानी तथा सरसफाईको उपयुक्त प्रबन्ध मिलाउने।

ग. २०७७/०७/०१ देखि कुनै नयाँ विद्यार्थी पनि भर्ना नलिने र स्थानान्तरण पनि नदिने।

घ. सिकाइ केन्द्रसम्म साना साना बालबालिकालाई ल्याउने र लैजाने व्यवस्था अभिभावकले मिलाउने।

ङ. विद्यार्थीहरुलाई ज्वरो र रुघा खोकीको समस्या भएमा निको नहुन्जेल सिकाइ केन्द्र नपठाउने।

च. सम्पूर्ण सिकाइ सहजीकरण प्रक्रिया र स्वास्थ्य मापदण्डको व्यवस्थान तथा रेखदेख गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ।

४. स्वास्थ्य मापदण्ड अवलम्बन गर्दा सकभर मितव्ययीता अपनाई खर्च विद्यालय व्यस्थापन समितिको निर्णयानुसार गर्ने।

**पूनश्च: उल्लेखित कार्य भए नभएको नगरपालिका लगायत अन्य सम्बद्ध निकायबाट नियमित अनुगमन गरिनेछ।**

बाबुराम बराल
**शाखा प्रमुख**

*Phone: 064-420696 *Website: www.gorkhamun.gov.np *Email: gorkhamun@gmail.com, info@gorkhamun.gov.np

Scanned with CamScanner